# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## सूचना प्रकाशनको लागि राष्ट्रिय स्तरमा शिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०४/२०**

१. यस कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आव्हान गर्दा प्रकाशित गरिने सूचनाहरु दररेटमा राष्ट्रिय स्तरको दैनिक पत्रिका (देशभर पुग्ने) मा प्रकाशित गर्नु पर्ने भएकोले उक्त कार्य शिलबन्दी दरभाउपत्र बाट गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फारम दस्तुर रु. १,०००।– अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) ग्लोबल आईएमई बैङ्क, खोलेसिम्ल, चितवनमा रहेको आन्तरिक आम्दानी खाता ग.१.१ वि.५०४०१००००१३ जम्मा गरी चालु आ.व. को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी रु. १०।– को टिकट टाँसी दरभाउपत्र फारम खरिद गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीहरुलाइ यो सूचाना प्रकाशित गरिएको छ। दरभाउपत्र फारम कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम मा निवेदन पेश गरी खरिद गर्न सकिनेछ।

२. आर्थिक वर्ष २०७८/०७९ को (दरभाउपत्र स्वीकृत भए पश्चात देखी) लागी एकद्‌वार प्रणाली (one door system) मार्फत काठमाण्डौबाट प्रकाशित हुने गोरखापत्र, नगरिक, राजधानी, अन्नपूर्ण, कारोबार, कान्तिपुर र नयाँपत्रिकाका गरी ७ वटा राष्ट्रिय दैनिक, चितवन बाट प्रकाशित हुने संपूर्ण राष्ट्रिय दैनिक पत्रिकाको भित्री सादा पृष्ठमा प्रकाशन हुने सूचनाको न्यूनतम दररेट प्रकाशित गर्न इच्छुक फर्म कम्पानी तथा विज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

३. दरभाउपत्र फारममा उल्लेखित राष्ट्रीय दैनिकको भित्री पृष्ठमा प्रकाशित हुने सूचना प्रति सि.सि. न्युनतम दररेटमा प्रकाशित गर्ने इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सीको दरभाउपत्र स्वीकृत गरिने छ। दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम भिन्दा भिन्दै उल्लेख गरी शिलबन्दी फारम दर्ता गर्नुपर्ने छ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

५.सूचना प्रकाशित भएको १५औं दिनको १२:०० बजे भित्र आफैं खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

६. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

८. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्विकृत गरिने छैन।

९. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। साथै दरभाउपत्रदाताले पेश गर्ने प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१०. यस सूचनामा उल्लेख भएको यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ ( संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी कालिका नगरपालिकाको कार्यालय रेडक्रसग्राम, चितवनमा कार्यालय समय भित्र सूचना प्रविधी शाखामा सम्पर्क राख्न सकिनेछ।

# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल

**सूचना प्रकाशन संबन्धी शिलबन्दी दरभाउ पत्र फारम ।**

| सि.न. | राष्ट्रीय दैनिकको नाम | दर प्रति सिसि (CC) | | कैफियत |
|---|---|---|---|---|
| | | अंक | अक्षरमा | |
| १. | **काठमान्डौं बाट प्रकाशित हुने:** | | | |
| | क) गोरखापत्र रास्ट्रिय दैनिक | | | |
| | ख) कान्तिपुर रास्ट्रिय दैनिक | | | |
| | ग) नागरिक रास्ट्रिय दैनिक | | | |
| | घ) राजधानि रास्ट्रिय दैनिक | | | |
| | ङ) अन्नपुर्ण रास्ट्रिय दैनिक | | | |
| | च) कारोबार रास्ट्रिय दैनिक | | | |
| | छ) नयाँपत्रिका रास्ट्रिय दैनिक | | | |
| २. | **चितवन बाट प्रकाशित हुने:** | | | |
| | क)................................. | | | |
| | ख)................................. | | | |
| | ग)...................................... | | | |
| | घ)...................................... | | | |
| | ङ)...................................... | | | |

फर्मको नाम:-

दस्तखत:-

छाप:-

महेन्द्रनाथ खनाल
अधिकृत (छैठौं)